

पाठेघरको मुखको क्यान्सरविरुद्धको 'ह्युमन पापिलोमा भाइरस (एचपिभी) खोप लगाएपछि कार्डको साथमा छात्रा। काठमाडौं महानगरपालिकाले आइतबारदेखि बालिका तथा किशोरीलाई खोप लगाउन सुरु गरेको छ। *तस्बिर : दिपेश दर्शनधारी/नागरिक*

# मिडियामा महिलाको पहुँच ३० वर्षपछि पनि न्यून

काठमाडौं, माघ २७ (नागरिक)-अन्य क्षेत्रमा जस्तै मिडियामा महिलाको पहुँच सुनिश्चित हुनुपर्ने बेइजिङ घोषणापत्रको ३० वर्षबितिसक्दा पनि नेपालका मिडियामा महिलाको पहुँच न्यून रहेको पाइएको छ। यो प्रतिवेदन ग्लोबल मिडिया मनिटरिङ परियोजना (जिएएमटी) ले तयार गरेको हो। ग्लोबल मिडिया मनिटरिङ परियोजनाकी नेपाल संयोजक सरिता श्रेष्ठको संयोजकत्वमा उक्त अध्ययन भएको हो। ग्लोबल मिडिया मनिटरिङमा विश्वका एक सय ६० वटा देश आबद्ध छन्। यी देशअन्तर्गत नेपालले हरेक पाँच/पाँच वर्षमा निगरानी प्रतिवेदन तयार गर्दै आएको छ।



प्रतिवेदनअनुसार मिडियामा महिला सहभागिता २५ देखि २६ प्रतिशत मात्र रहेको छ, जुन प्रतिनिधित्व सन् २०२० को तुलनामा अत्यन्त न्यून हो। सन् २०२० मा सहभागिता २० प्रतिशत मात्र थियो। नेपालका मिडियामा राजनीति र सरकारसँग जोडिएका समाचार बढी समेटिएको तर महिला तथा सीमान्तकृत समुदायका मुद्दा कम समेटिएको औंल्याइएको छ, जसअनुसार अनलाइनमा ४७ प्रतिशत, छापामा ३१ प्रतिशत, टेलिभिजनमा २९ प्रतिशत र रेडियोमा २५ प्रतिशत राजनीति र सरकारका समाचार समेटिएको पाइएको छ। यी दुईखाले समाचारका विषय पनि पुरुष नै रहेको पाइएको छ। यस्ता समाचारमा ८७ प्रतिशत पुरुष छन् भने १३ प्रतिशत महिला छन्।

परम्परागत सञ्चारमाध्यम रेडियो, छापामाध्यम र टेलिभिजनका समाचारको स्रोतकारूपमा महिलाकोप्रगति हुन नसकेको उल्लेख छ, जसअनुसार सन् २०२० मा २० प्रतिशत स्रोत रहेकोमा पाँच वर्षको अवधिमा एक प्रतिशत मात्र वृद्धि भएको छ। महिला समाचारमा पीडित तथा सामान्य नागरिकका रूपमा प्रस्तुत भएको पाइएको छ।

त्यसैगरी अनलाइन समाचारमा महिलाको उपस्थिति कम रहेको र अर्थ र विज्ञानसँग जोडिएका विषयमा महिलाको उपस्थिति शून्य रहेको छ। त्यसैगरी पछिल्लो समय अनलाइनका कारण महिला रिपोर्टरको उपस्थिति बढेर ४० प्रतिशत पुगेको तर निर्णायकतहमा नभएको र स्थानीय समाचारमा केन्द्रित देखिएका छन्।

प्रतिवेदनअनुसार समाचारको स्रोतमा निर्णायक रूपमा विज्ञ, प्रवक्ता र मुख्य स्रोतकारूपमा भने सधैं पुरुषकै बाहुल्य देखिएको छ। राजनीति र अर्थशास्त्रका समाचारमा पुरुषविज्ञ प्रयोग गरिएको र सामाजिक तथा घरेलु विषयका समाचारमा केन्द्रित गरिएको छ। अनलाइन पोर्टलमा लैंगिक हिंसाका समाचारको दुई प्रतिशत मात्र स्थान छ। यस्तो स्थितिले लैगिक हिंसा न्यूनीकरणको सट्टा चुनौती थपिएको अध्ययनले औंल्याएको छ। अहिले पनि मिडियामा ८० प्रतिशत स्थान राजनीतिक समाचारले ओगटेको तर महिलाका जीवनसँग प्रत्यक्ष जोडिएका कानुन, स्वास्थ्य,शिक्षा र सामाजिक न्यायका समाचारले कम स्थान पाएका छन्। नेपाली समाजको प्रमुख मुद्दा लैंगिक हिंसा रहेको भएपनि समाचार स्रोत र विषयवस्तुका रूपमा महिलाको स्थान अन्यन्त न्यून हुनु अध्ययनको गम्भीर निष्कर्ष रहेको जनाइएको छ। ४१ प्रतिशत महिला रिपोर्टर रहेपनि निर्णायक तहमा उपस्थिति नहुनु अर्को गम्भीर विषय बनेको छ।

गत वैशाख २३ अर्थात् सन् २०२५ मे ६ मा परम्परागत र नयाँ सञ्चारमाध्यमको अनुगमन गरी समाचारका स्रोत,समाचारका मुद्दा र मिडियामा महिला उपस्थितिलगायतका विषयमा अनुगमन गरिएको थियो। बेइजिङ सम्मेलनपछि मिडियामा लैंगिक उपस्थितिको अनुगमन हुन थालेको हो।

# मधेसमा तस्कर आतंक, सशस्त्र प्रहरीमाथि निरन्तर आक्रमण

**मिथिलेश यादव**

*जनकपुरधाम, माघ २७*



चार वर्षअघि भारतीय तस्कर समुहको आक्रमणबाट नेपालका तीनजना सशस्त्र प्रहरी घाइते भए। साँझको समयमा दोधाराचाँदनी नगरपालिका- ८ को कञ्जभोजनजिकै नेपाल-भारत सीमा क्षेत्रमा गस्तीमा खटिएको सशस्त्र प्रहरी टोलीमाथि भारतीय तस्कर समुहले आक्रमण गर्दा उनीहरू घाइते भएका थिए। यो घटना २०७८ असोजको हो।

त्यस्तै २०७७ साउन ४ मा पनि नेपाल-भारत सीमा क्षेत्रको अर्को नाका झापाको गौरीगन्ज गाउँपालिका- ५ मा भारतीय तस्कर समुहले सशस्त्र प्रहरी टोलीमाथि आत्रमण गऱ्यो। नेपाल-भारत सीमा क्षेत्रको १५२ नम्बर पिलरपूर्व मल्हाटोलीनजिकै भारतीय तस्कर समुहले सीमा सुरक्षामा खटिएका सशस्त्र प्रहरीमाथि आक्रमण गर्दा सशस्त्रका दुई जवान घाइते भएका थिए।

भारतीय तस्करको टोली र सशस्त्र प्रहरीबिच २०७७ जेठ ३१ मा सर्लाहीको नारायणपुर नाकामा झडप भएको थियो। त्यस दिन अवैधरूपमा नेपाल पस्न खोजेको भारतीय तस्करको टोलीलाई रोक्न सशस्त्र प्रहरीले गोली चलाउँदा एक भारतीयको मृत्यु भएको थियो। घटनामा सशस्त्र प्रहरीका तीन र तस्कर समुहका दुईजना घाइते भएका थिए। यसैगरी २०७७ जेठ १८ मा सर्लाहीकोको विष्णु गाउँपालिका- २ पकडीस्थित फेनहरा नाकामा खटिएका सशस्त्र प्रहरीमाथि भारतीय तस्कर समुहले आक्रमण गरेको थियो। यसरी तस्करको समुहले सशस्त्र प्रहरीमाथि आक्रमण गर्दै आएका छन्।

पर्साका प्रहरी प्रमुख एसपी सुदीपराज पाठकले घटनाबारे अनुसन्धान भइरहेको बताएका छन्। उनले सशस्त्र प्रहरीमाथि आक्रमण भएपछि तस्कर समुहसँगै स्थानीय नागरिक पनि आइलागेको र सशस्त्रले देखाएको सुझबुझले ठुलो घटना हुन नपाएको बताए। 'सुरक्षाकर्मीहरूको पनि उपस्थिति रह्यो, सशस्त्र प्रहरी कुनै ठुलो जवाफी प्रक्रिया सुरु नगरेर पछाडि हट्यो, जसले गर्दा अप्रिय घटना हुन पाएन। तस्कर समुहमाथि प्रत्याक्रमण हुँदा कहिलकाहीं मानवीय क्षति हुन्छ। आक्रमणकारी समुहको प्रहरीले खोजतलास गरिरहेको छ, कारबाहीको दायरामा ल्याइन्छ', एसपी पाठकले भने।

सीमा सुरक्षा तथा वीरगञ्ज भन्सारमा कार्यरत सशस्त्र प्रहरी नायब उपरीक्षक (डिएसपी) विकास अधिकारीले गोदाम खानतलासी गर्ने क्रममा व्यापारीहरूले अवरोध गरेपछि झडप सुरु भएको बताएका छन्। बरामद कपडा वीरगञ्ज भन्सार कार्यालयको जिम्मा लगाइएको थियो। सशस्त्र प्रहरी बल नेपालले घटनामा संलग्न दोषीको पहिचान गरी कानुनी प्रक्रिया अघि बढाइने जनाएको छ।

> दुई वर्षयता तस्कर समुहले निरन्तर सशस्त्र प्रहरीमाथि आक्रमण गर्दै आएका छन्। एक वर्षअघि पनि सर्लाहीमा भेप बोकेको ट्रकरोक्न खोज्दा तस्करको आक्रमणले सशस्त्र प्रहरी निरीक्षक घाइते भएका थिए।

सशस्त्र प्रहरी बलले सोमबार वीरगन्जस्थित एउटा गोदाममा छापा मार्ने क्रममा झडप भयो। सशस्त्र प्रहरीको टोलीले वीरगन्ज महानगरपालिका- १० आदर्शनगर स्थित एक गोदाममा छापा मार्ने क्रममा व्यापारी र सुरक्षाकर्मीबिच झडप भएको थियो, तर सशस्त्रसँग झडप हुँदा व्यापारीहरू थिएनन्, तस्करहरू मात्र थिए।

आर्थिक नगर मानिने वीरगन्जमा भन्सार छलेर भित्र्याइएका सामान भण्डारण गरिएको आशंकामा मदनप्रसाद गुप्ताको गोदाममा सशस्त्र प्रहरी बल १३ नं गण र भन्सार कार्यालयको संयुक्त सुरक्षा टोलीले दिउँसो छापा मारेको थियो। छापा मार्ने क्रममा टोलीले करिब पाँच लाख रुपैयाँभन्दा बढी मूल्यबराबरका पाँच पोका कपडा बरामद गरेपछि तस्कर समुहले आक्रमण गरेको थियो।

भन्सार छलीका कपडा बरामदपछि लोड गर्ने क्रममा सशस्त्र प्रहरीमाथि आक्रमण गरिएको थियो। त्यसपछि भएको झडपका क्रममा तीन सशस्त्र प्रहरीका तीनजना सामान्य घाइते भएको र गाडीमा क्षति पुगेको छ।

सशस्त्र प्रहरीका सहप्रवक्ता डिएसपी शैलेन्द्र थापाका अनुसार आक्रमणकारीको आक्रमणबाट घाइते सशस्त्रका तीन प्रहरीको नारायणी अस्पतालमा उपचार भइरहेको छ र उनीहरू खतरामुक्त छन्।

सशस्त्र प्रहरी गण १३ नम्बर पर्साका प्रवक्ता डिएसपी मोहन निरौलाले घटनामा संलग्न केही मानिसको पहिचान भइसकेको तथा जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयको समन्वयमा कारबाही प्रक्रिया अगाडि बढाइसकिएको बताए। घटनामा संलग्नको नाम किटानी गरी आवश्यक अनुसन्धान र कारबाहीका लागि सशस्त्र प्रहरी कार्यालयले जिल्ला प्रहरी कार्यालयमा पत्राचार गरेको छ।

सशस्त्र प्रहरीमाथि दुई वर्षयता तस्कर समुहले निरन्तर आक्रमण गर्दै आएका छन्। २०८१ साल भदौमा सिरहामा मदिरा तस्करी गर्ने गिरोहलाई नियन्त्रणमा लिन खोज्दा सशस्त्र प्रहरी नायब निरीक्षक लक्ष्मणप्रसाद यादवको मृत्यु भएको थियो। नेपाल-भारत सीमाक्षेत्र बरियारपट्टी गाउँपालिका- १ कचनारीमा तस्करीको सामान बोकेको ट्रकले किच्दा उनको मृत्यु भएको थियो। एक वर्षअघि पनि सर्लाहीमा भेप बोकेको ट्रकलाई रोक्न खोज्दा तस्करको आक्रमणका कारण सशस्त्र प्रहरी निरीक्षक घाइते भएका थिए। घाइते अवस्थामा अस्पताल पुऱ्याइएका उनलाई चिकित्सकले मृत घोषणा गरेका थिए।


Government of Koshi Provincial

Ministry of Water Supply,Irrigation and Energy

## Water Supply and Sanitation Division Office

Khotang, Nepal

## IVITATION FOR BID

First Date of Publication : 28/10/2082 (11/02/2026)

1. The Water Supply and Sanitation Division Office, Khotang, hereby invites electronic bids from interested and eligible bidders for the procurement and Supply of HDPE Pipe & Construction of Sunkoshi Dhitung Hatti Ahal Lifting Khanepani Aayojana, Haleshi Tuwachung,8, Khotang under the National Competitive Bidding (NCB) procedure.

| SN | Contract ID No. | Description of Work | Cost of Bidding Document (NRs) | Estimated Amount (NRs.) (Including VAT and P.S.) | Bid Validity Period | Bid Security Amount (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | Contract ID No.:WSSDO /NCB/Goods/01/082/83 | PROCUREMENT AND SUPPLY OF HDPE PIPE | NRs.3000.00 (a non refundable fee) | 6,391,191.97 | 90 days | NRs.1,70,000.00 |
| 2. | Contract ID No.: SDHL-KA/ WSSDO khotang/ NCB/02/2082-83 | Procurement of Sunkoshi Dhitung Hatti Ahal Lifting Khanepani Aayojana, Haleshi Tuwachung 8, Khotang | NRs.3000.00 (a non refundable fee) | 7628078.91 | 90 days | NRs 1,68,000.00 |

2. Any Conditions not covered shall be as per public procurement Act 2063 and public procurement Regulations 2064. Any amendments in tender notice shall be published in www.bolpatra.gov.np/egp.
3. Eligible bidders may obtain further information from the office of Water Supply and Sanitation Division Office, Khotang or May visite PPMO web portal www.bolpatra.gov.np/egp

**Division Chief**



## Dewanganj Rural Municipality

### Office Of Rural Municipal Executive

Dewanganj, Sunsari, Koshi Province, Nepal.

## Invitation of Electronic Bids

Date of publication: 11-02-2026 (28-10-2082)

1 Dewanganj Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the Construction work mentioned in the BOQ., under National Competitive Bidding procedures (Single stage Single/Double Envelope)

| S. N. | Description of works | Estimated amount (Excl. Vat & Contingencies ; Incl.Prov.Sum) | Bid Security Amount (NRs) | Non-refundable fee for Bidding Document(NRs) | Last date of bid submission |
|---|---|---|---|---|---|
| 1. | Eight Room School Building and Boundary Wall Construction Works at Sharda Aa. Bi. Dewangunj -1, Sunsari (DRM/BUILDING/C/NCB/06/2082-083) | Single Stage Two Envelope Bidding Procedure | 7,10,000.00 | 5000.00 | 2026-03-13 |
| 2. | Nirmit guruyojnaka adharma sthaniya tahko sajhedarima bidhyalayko bhautik nirman anudan (Sarswati Aa.Vi. Dewangunj -4, Sunsari) (DRM/BUILDING/C/NCB/07/2082-083) | 10,147,917.68 | 2,54,000.00 | 3000.00 | 2026-03-13 |

2. Eligible Bidder may obtain further information about Bidding Documents from the PPMO e-GP system www.bolpatra. gov.np/epp, shall submit a written application along with a copy of the company/firm registration certificate, and upon payment of a non-refundable fee during office hours or online in the following Bank.
**Name of the Bank: NIC Asia Bank Ltd, Inaruwa Branch (Inaruwa Municipality-02, Sunsari)**
**Name of Office: Dewanganj Rural Municipality Office**
**Internal Revenue (Rajaswa) Account no.: 2432050026455007(For purchasing Bid Documents Only)**
**Security Deposit (Dharauti) Account Number: 243CA50021917002 (For Bid Security Only)**
3. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid.
4. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such a case, the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. Please read, understand, and agree to all the conditions mentioned in the document and submit the bid. Otherwise, the decision of the office will be the final decision.
6. In cases other than those mentioned above, the purchase will be in accordance with prevailing laws.

**Chief Administrative Officer**